# बीमा प्रतिबिम्ब

नेपाली बीमा क्षेत्रको मासिक तथ्यांक संस्करण
वर्ष २ अंक १ २०८२ श्रावण

## पृष्ठभुमी

बीमा क्षेत्र अर्थतन्त्रको महत्वपूर्ण स्तम्भ हो, जसले वित्तीय सुरक्षाका साथै दीर्घकालीन लगानी र सामाजिक स्थायित्वमा योगदान पुऱ्याउँछ। नेपालमा यस क्षेत्रको प्रभावकारी नियमन, अनुगमन, तथा विश्लेषणको कार्य नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणले गर्दछ।

नेपाली बीमा बजारमा आ.व. २०८२/८३ को श्रावण मसान्तसम्म ३७ वटा बीमा कम्पनी सञ्चालनमा रहेका छन्। कार्य प्रकृतिको आधारमा १४ जीवन बीमा, १४ निर्जीवन बीमा, ७ लघुबीमा (३ जीवन लघुबीमा र ४ निर्जीवन लघुबीमा) र २ पुनर्बीमा कम्पनीले व्यवसाय गर्दै आइरहेका छन्। त्यसैगरी, नेपालको कुल गार्हस्थ्य उत्पादनमा बीमाको योगदान बढ्दो क्रममा रहेको छ। साथै, बीमा ऐन, २०७९ ले निर्देशित गरेको कार्य क्षेत्र भित्र रही प्राधिकरणले आफ्नो काम कार्यवाही गर्दै आएको छ।

बीमा क्षेत्रमा मुख्य तथ्यांकहरुको विश्लेषणले बीमा क्षेत्रमा भएको प्रगति, चुनौतीहरू, तथा नीतिगत आवश्यकताहरूको पहिचान गर्न सहयोग पुऱ्याउँछ। यस मासिक तथ्यांक संस्करण मार्फत बीमा पहुँच, बीमकहरूको वित्तीय अवस्था, दाबी, बीमालेख संख्या, बीमाशुल्क संकलन लगायतका प्रमुख सुचकहरुको अध्ययन गरिएको छ।

यो विश्लेषण बीमा क्षेत्रको पारदर्शिता, जवाफदेहिता, तथा नीतिनिर्माणका लागि आधार हुनेछ साथै, बीमकहरु, नीति निर्माता, अनुसन्धानकर्ता, र आम सर्वसाधारणलाई उपयोगी जानकारी प्रदान गर्ने उद्देश्यले तयार पारिएको छ।

## नेपाली बीमा बजार

आ.व. २०८२/८३ को श्रावण मसान्तसम्ममा बीमा क्षेत्रको सुचकाङ्कहरुको अवस्था देहाय बमोजिम रहेका छन्।

### १. बीमालेख संख्या

| सूचक | २०८१ श्रावण मसान्तसम्ममा | २०८२ श्रावण मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| जीवन बीमालेख संख्या *(म्यादि, लघु म्यादि र वैदेशिक रोजगार जीवन बीमालेख बाहेक)* | ५६,५६,६०४ | ५७,४२,७३५ | १.५२ |
| म्यादि र लघु म्यादि जीवन बीमालेख संख्या | ५९,४५,६७३ | ७५,२४,३९४ | २६.५५ |
| वैदेशिक रोजगार बीमालेख संख्या | २१,०४,९७४ | २६,१९,२३६ | २४.४३ |
| **कुल सक्रिय जीवन बीमालेख संख्या** | **१,३७,०७,२५१** | **१,५८,८६,३६५** | **१५.९०** |
| **कुल जारी जीवन बीमालेख संख्या** | **५,६४,७८३** | **६,४८,५८८** | **१४.८४** |
| **कुल जारी निर्जीवन बीमालेख संख्या** | **२,४१,३१४** | **२,४३,७४१** | **१.०१** |

चालु आ.व २०८२/८३ को श्रावण मसान्तसम्ममा जीवन र लघुजीवन बीमा कम्पनीहरुबाट ६ लाख ४८ हजार ५८८ वटा बीमालेख जारी भएका छन् भने निर्जीवन र लघु निर्जीवन बीमा कम्पनीहरुबाट जम्मा २ लाख ४३ हजार ७४१ वटा बीमालेख जारी भएका छन्। साथै, यस आ.व.को श्रावण मसान्तसम्ममा १ करोड ५८ लाख ८६ हजार ३६५ वटा सक्रिय जीवन बीमालेख रहेका छन् जुन गत आ.व.को श्रावण मसान्तको तुलनामा १५.९० प्रतिशतले वृद्धि भएको देखिन्छ।

## २. बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| सूचक | २०८१ श्रावण मसान्तसम्ममा | २०८२ श्रावण मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| प्रथम जीवन बीमाशुल्क संकलन रु.लाखमा | २८,३९८.१६ | ३६,३२८.१९ | २७.९२ |
| नविकरण जीवन बीमाशुल्क संकलन रु. लाखमा | १,५७,३५१.५४ | १,६३,८७५.५६ | ४.१५ |
| **कुल जीवन बीमाशुल्क संकलन रु.लाखमा** | **१,८५,७४९.७०** | **२,००,२०३.७४** | **७.७८** |
| **कुल निर्जीवन बीमाशुल्क संकलन रु.लाखमा** | ४३,११६.७३ | ४३,९६७.३० | १.९७ |
| **जम्मा बीमाशुल्क संकलन रु. लाखमा** | २,२८,८६६.४३ | २,४४,१७१.०४ | ६.६९ |

चालु आ.व २०८२/८३ को श्रावण मसान्तसम्ममा रु. २४ अर्ब ४१ करोड ७१ लाख बीमाशुल्क संकलन भएको छ जुन गत आ.व.को श्रावण मसान्तको तुलनामा ६.६९ प्रतिशत वृद्धि हो। त्यसैगरी, गत आ.व. को श्रावण मसान्तको तुलनामा चालु आ.व को श्रावण मसान्तसम्ममा जीवन तथा लघुजीवन बीमा तर्फ बीमाशुल्क संकलन ७.७८ प्रतिशतले बृद्धि भई रु. २० अर्ब २ करोड ३ लाख रहेको छ भने निर्जीवन तथा लघु निर्जीवन बीमा तर्फ १.९७ प्रतिशतले बृद्धि भई रु. ४ अर्ब ३९ करोड ६७ लाख बीमाशुल्क संकलन भएको छ।

## ३. बीमा दाबी भुक्तानी विवरण

*रकम रु. लाखमा*

| सूचक | २०८१ श्रावण मसान्तसम्ममा | २०८२ श्रावण मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| जीवन बीमा दाबी भुक्तानी संख्या | १९,५३६ | २८,०५९ | ४३.६३ |
| जीवन बीमा दाबी भुक्तानी रकम | ३९,६७२.५७ | ५०,९८३.७० | २८.५१ |
| भुक्तानी हुन बाँकी दाबी संख्या *(जीवन)* | ४५,७६१ | ५७,६०३ | २५.८८ |
| भुक्तानी हुन बाँकी दाबी रकम *(जीवन)* | ३०,०२६.४७ | ४६,००६.०७ | ५३.२२ |
| निर्जीवन बीमा दाबी भुक्तानी संख्या | १०,०१८ | १०,४७० | ४.५१ |
| निर्जीवन बीमा दाबी भुक्तानी रकम | ११,७४२.०७ | १६,५१५.३१ | ४०.६५ |
| भुक्तानी हुन बाँकी दाबी संख्या *(निर्जीवन)* | ९४,४३५ | १,००,९०८ | ६.८५ |
| भुक्तानी हुन बाँकी दाबी रकम *(निर्जीवन)* | २,०७,२९९.९४ | २,६१,१७०.३८ | २५.९९ |

चालु आ.व २०८२/८३ को श्रावण मसान्तसम्म जीवन बीमकहरुले भुक्तानी गरेको दाबीको संख्या २८ हजार ५९ रहेको छ जस अन्तर्गत रु. ५ अर्ब ९ करोड ८३ लाख भुक्तानी भएको छ। गत आ.व.को श्रावण मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्या र रकममा ४३.६३ प्रतिशत र २८.५१ प्रतिशत वृद्धि भएको देखिन्छ। साथै, ५७ हजार ६०३ वटा दाबी अन्तर्गतको रु. ४ अर्ब ६० करोड ६ लाख भुक्तानी हुन बाँकी नै रहेको छ।

त्यसैगरी, निर्जीवन बीमकहरुबाट चालु आ.व २०८२/८३ को श्रावण मसान्तसम्ममा कुल १० हजार ४७० वटा दाबी भुक्तानी भएको छ जस अन्तर्गत रु १ अर्ब ६५ करोड १५ लाख भुक्तानी भएको छ भने, १ लाख ९०८ वटा दाबी संख्या अन्तर्गत कुल रु २६ अर्ब ११ करोड ७० लाख भुक्तानी हुन बाँकी रहेको छ। गत आ.व.को श्रावण मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्यामा ४.५१ प्रतिशतले वृद्धि भएको छ भने दाबी रकममा ४०.६५ प्रतिशत प्रतिशत वृद्धि भएको देखिन्छ।

## ४. जीवन बीमाको पहुँच

| सूचक | २०८१ श्रावण मसान्तसम्ममा | २०८२ श्रावण मसान्तसम्ममा |
|---|---|---|
| बीमाको दायरामा आएको जनसंख्या प्रतिशतमा *(म्यादि, लघु म्यादि र बैदेशिक रोजगार जीबन बीमालेख बाहेक)* | १७.४८ | १७.५९ |
| बीमाको दायरामा आएको जनसंख्या प्रतिशत *(म्यादि र लघु म्यादि जीवन बीमालेख सहित)* | ३५.८६ | ४०.६४ |
| **बीमाको दायरामा आएको जनसंख्या प्रतिशत** *(म्यादि,लघुम्यादि र बैदेशिक रोजगार जीवन बीमालेख सहित)* | **४२.७०** | **४९.०८** |

*१. राष्ट्रिय तथ्याङ्क कार्यालयले वि.स. २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा यस महिनासम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गरिएको।*

राष्ट्रिय तथ्यांक कार्यालयले प्रकाशित गरेको २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको बृद्धि प्रतिशतका आधारमा चालु आ.व को श्रावण मसान्तसम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गर्दा ४९.०८% जनसंख्यामा बीमाको पहुँच पुगेको छ भने ५०.९२% जनसंख्या बीमाको पहुँच बाहिर रहेको देखिन्छ।

## ५. समर्पण तथा व्यतित विवरण

*रकम रु. लाखमा*

| सूचक | २०८१ श्रावण मसान्तसम्ममा | २०८२ श्रावण मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| समर्पण संख्या | १०,२९२ | ७,६६६ | (२५.५१) |
| समर्पण रकम | १५,४११.१६ | १२,४५१.७० | (१९.२०) |
| व्यतित बीमालेखको संख्या | ११,७८,५६२ | १२,२९,४४६ | ४.३२ |

| | | | |
|---|---|---|---|
| व्यतित बीमालेखको रकम | ३,४८,१२०.९६ | ३,७३,९८२.८६ | ७.४३ |

चालु आ.व २०८२/८३ को श्रावण मसान्तसम्ममा ७ हजार ६६६ वटा जिवन बीमालेख समर्पण भएका छन् जस अन्तर्गत रु १ अर्ब २४ करोड ५१ लाख समर्पण रकम रहेको छ। त्यसैगरी, १२ लाख २९ हजार ४४६ बीमालेख व्यतित भएकाछन् भने व्यतित बीमालेखको रकम रु ३७ अर्ब ३९ करोड ८२ लाख रहेको छ।

## ६. बीमकको शाखा कार्यालय तथा कर्मचारीको विवरण

| सूचक | २०८१ श्रावण मसान्तसम्ममा | २०८२ श्रावण मसान्तसम्ममा | परिवर्तन % |
|---|---|---|---|
| जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या | १,८३३ | १,८४४ | ०.६० |
| निर्जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या | १,१५९ | १,१५६ | (०.२६) |
| **बीमा कम्पनीहरुको जम्मा कार्यालय संख्या** | **२,९९२** | **३,०००** | **०.२७** |
| जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या | ५,८१८ | ६,०८३ | ४.५५ |
| निर्जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या | ५,८७४ | ६,१८७ | ५.३३ |
| **बीमा कम्पनीहरुको जम्मा कर्मचारी संख्या** | **११,६९२** | **१२,२७०** | **४.९४** |

चालु आ.व. २०८२/८३ को श्रावण मसान्तसम्ममा जीवन बीमातर्फ १ हजार ८४४ र निर्जीवन बीमातर्फ १ हजार १५६ गरी जम्मा शाखा संख्या ३ हजार पुगेको छ भने जीवन बीमातर्फ ६ हजार ८३ र निर्जीवन बीमातर्फ ६ हजार १८७ गरी कुल १२ हजार २७० जना कर्मचारी कार्यरत छन्।

## ७. बीमालेख अनुसार जारी जीवन बीमालेख संख्या

| सूचक | २०८१ श्रावण मसान्तसम्ममा (१) | जारी बीमालेखको हिस्सा प्रतिशत | २०८२ श्रावण मसान्तसम्ममा (२) | जारी बीमालेखको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सावधिक जीवन बीमा | १९,८८० | ३.५२ | १८,७९० | २.९० | **(५.४८)** |
| अग्रिम भुक्तानी सावधिक जीवन बीमा | ३,३१२ | ०.५९ | ३,१६८ | ०.४९ | (४.३५) |
| रुपान्तरित सावधिक जीवन बीमा | ४,०४९ | ०.७२ | ४,५४८ | ०.७० | **१२.३२** |
| बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा | ८,९९९ | १.५९ | १०,९६२ | १.६९ | **२१.८१** |

| | | | | | |
|---|---|---|---|---|---|
| वैदेशिक रोजगार म्यादि | ५८,७९८ | १०.४१ | ६८,७०४ | १०.५९ | **१६.८५** |
| आजिवन जीवन बीमा | ४६९ | ०.०८ | ४६७ | ०.०७ | (०.४३) |
| एकल बीमाशुल्क जीवन बीमा | १,५७४ | ०.२८ | १,१३७ | ०.१८ | (२७.७६) |
| म्यादि  जीवन बीमा | ६४,६२३ | ११.४४ | ७२,७८३ | ११.२२ | **१२.६३** |
| लघु जीवन बीमा | ४,०१,९०९ | ७१.१६ | ४,६७,१९७ | ७२.०३ | **१६.२४** |
| अन्य जीवन बीमा | १,१७० | ०.२१ | ८३२ | ०.१३ | (२८.८९) |
| जम्मा | ५,६४,७८३ | १००.०० | ६,४८,५८८ | १००.०० | **१४.८४** |

चालु आ.व. २०८२/८३ को श्रावण मसान्तसम्ममा जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको ७२.०३ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा आजिवन बीमालेखको ०.०७ प्रतिशत रहेको छ । गत आ.व.को श्रावण मसान्तसम्मको तुलनामा जारी बीमालेखको संख्यामा १४.८४ प्रतिशतले वृद्धि भएको छ ।

## ८. सक्रिय जीवन बीमालेख संख्या

| जीवन बीमालेख | २०८१ श्रावण मसान्तसम्ममा (१) | सक्रिय बीमालेख को हिस्सा प्रतिशत | २०८२ श्रावण मसान्तसम्ममा (२) | सक्रिय बीमालेख को हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सावधिक जीवन बीमा | २०,०४,९९० | १४.६३ | २१,४३,७७८ | १३.४९ | **६.९२** |
| अग्रिम भुक्तानी सावधिक जीवन बीमा | ४,४६,५९९ | ३.२६ | ४,५५,१४४ | २.८६ | **१.९१** |
| रुपान्तरित सावधिक जीवन बीमा | ५,३६,९०८ | ३.९२ | ५,६३,४९८ | ३.५५ | **४.९५** |
| बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा | ९,९९,३३९ | ७.२९ | १०,६९,२६१ | ६.७३ | **७.००** |
| वैदेशिक रोजगार म्यादि जीवन बीमा | २१,०४,९७४ | १५.३६ | २६,१९,२३६ | १६.४९ | **२४.४३** |
| आजिवन जीवन बीमा | १,७४,१३८ | १.२७ | १,७६,६४५ | १.११ | **१.४४** |
| एकल बीमाशुल्क जीवन बीमा | ७६,८०३ | ०.५६ | ९५,६५४ | ०.६० | **२४.५४** |
| म्यादि जीवन बीमा | ३३,३३,२१४ | २४.३२ | ३३,४३,२३२ | २१.०४ | **०.३०** |
| लघु जीवन बीमा | ३९,०६,१९६ | २८.५० | ५२,९५,९८८ | ३३.३४ | **३५.५८** |
| अन्य जीवन बीमा | १,२४,१०४ | ०.९१ | १,२३,९२९ | ०.७८ | (०.१४) |
| **जम्मा** | १,३७,०७,२६५ | १००.०० | १,५८,८६,३६५ | १००.०० | **१५.९०** |

चालु आ.व. २०८२/८३ को श्रावण मसान्तसम्ममा सक्रिय जीवन बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको ३३.३४ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा एकल बीमालेखको ०.६० प्रतिशत रहेको छ। गत आ.व. को श्रावण मसान्तसम्मको तुलनामा चालु आ.व.को श्रावण मसान्तसम्ममा सक्रिय बीमालेखको संख्यामा १५.९० प्रतिशत वृद्धि भएको छ।

## ९. प्रदेश अनुसार सक्रिय जीवन बीमालेख संख्या

| प्रदेश | २०८१ श्रावण मसान्तसम्ममा (१) | सक्रिय बीमालेखको हिस्सा प्रतिशत | २०८२ श्रावण मसान्तसम्ममा (२) | सक्रिय बीमालेखको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | १०,५३,४६६ | ७.६९ | १७,२५,५१६ | १०.८६ | ६३.७९ |
| मधेश | ६,००,६६१ | ४.३८ | ६,५१,६६२ | ४.१० | ८.४९ |
| बाग्मती | ९७,६९,९४१ | ७१.२८ | १,०४,१२,९२४ | ६५.५५ | ६.५८ |
| गण्डकी | ५,३१,५५३ | ३.८८ | ८,७८,१९५ | ५.५३ | ६५.२१ |
| लुम्बिनी | १०,०१,५२६ | ७.३१ | १०,९०,२१६ | ६.८६ | ८.८६ |
| कर्णाली | २,२१,८४० | १.६२ | ५,४८,६५८ | ३.४५ | १४७.३२ |
| सुदुरपश्चिम | ५,२८,२७८ | ३.८५ | ५,७९,१९४ | ३.६५ | ९.६४ |
| जम्मा | १,३७,०७,२६५ | १००.०० | १,५८,८६,३६५ | १००.०० | १५.९० |

चालु आ.व. २०८२/८३ को श्रावण मसान्तसम्ममा सक्रिय जीवन बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी सक्रिय बीमालेखको हिस्सा बागमती प्रदेशमा ६५.५५ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशको ३.४५ प्रतिशत रहेको छ।

## १०. जारी निर्जीवन बीमालेख संख्या

| निर्जीवन बीमालेख | २०८१ श्रावण मसान्तसम्ममा (१) | जारी बीमालेखको हिस्सा प्रतिशत | २०८२ श्रावण मसान्तसम्ममा (२) | जारी बीमालेखको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सम्पत्ति बीमा | ४२,७३८ | १७.७१ | ३८,९४० | १५.९८ | (८.८९) |
| सामूद्रिक बीमा | २९,६०३ | १२.२७ | ३२,४५६ | १३.३२ | ९.६४ |
| हवाई बीमा | ६ | ०.००२ | ७ | ०.००३ | १६.६७ |
| मोटर बीमा | १,१२,८६५ | ४६.७७ | १,११,७०१ | ४५.८३ | (१.०३) |
| इन्जि. तथा ठे. जो. बीमा | १,३५७ | ०.५६ | १,३०२ | ०.५३ | (४.०५) |

| | | | | | |
|---|---|---|---|---|---|
| विविध बीमा | १४,६४८ | ६.०७ | १३,९४० | ५.७२ | (४.८३) |
| कृषि तथा बाली बीमा | १८,४८९ | ७.६६ | १६,३७४ | ६.७२ | (११.४४) |
| लघु बीमा | २१,६०८ | ८.९५ | २९,०२१ | ११.९१ | ३४.३१ |
| जम्मा | २,४१,३१४ | १००.०० | २,४३,७४१ | १००.०० | १.०१ |

चालु आ.व. २०८२/८३ को श्रावण मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा मोटर बीमाको ४५.८३ प्रतिशत रहेको छ भने सबै भन्दा कम संख्यामा हवाई बीमालेख जारी भएका छन् जस्को हिस्सा ०.००३ प्रतिशत रहेको छ। गत आ.व. को श्रावण मसान्तसम्मको तुलनामा चालु आ.व.को श्रावण मसान्तसम्ममा जारी बीमालेख संख्या १.०१ प्रतिशत बृद्धि भएको छ।

## ११. प्रदेश अनुसार जारी निर्जीवन बीमालेख संख्या

| प्रदेश | २०८१ श्रावण मसान्तसम्ममा (१) | बीमालेख को हिस्सा प्रतिशत | २०८२ श्रावण मसान्तसम्ममा (२) | बीमालेख को हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | २८,१६३ | ११.६७ | ३०,७८८ | १२.६३ | ९.३२ |
| मधेश | २५,७०९ | १०.६५ | २५,२०१ | १०.३४ | (१.९८) |
| बागमती | १,१३,१७९ | ४६.९० | १,१४,४७६ | ४६.९७ | १.१५ |
| गण्डकी | २२,६६८ | ९.३९ | २१,०२० | ८.६२ | (७.२७) |
| लुम्बिनी | ३८,१६९ | १५.८२ | ३७,६६६ | १५.४५ | (१.३२) |
| कर्णाली | ३,८९४ | १.६१ | ३,८८० | १.५९ | (०.३६) |
| सुदुरपश्चिम | ९,५३२ | ३.९५ | १०,७१० | ४.३९ | १२.३६ |
| **जम्मा** | २,४१,३१४ | १००.०० | २,४३,७४१ | १००.०० | १.०१ |

चालु आ.व. २०८२/८३ को श्रावण मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गरेको बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४६.९७ प्रतिशत रहेको छ सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा १.५९ प्रतिशत रहेको छ।

## १२. बीमालेखका आधारमा जीवन बीमामा कुल बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| जीवन बीमालेख | २०८१ श्रावण मसान्तसम्ममा (१) | बीमाशुल्क को हिस्सा प्रतिशत | २०८२ श्रावण मसान्तसम्ममा (२) | बीमाशुल्कको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सावधिक | ६८,२१०.०५ | ३६.७२ | ७६,८०१.२३ | ३८.३६ | १२.६० |
| अग्रिम भुक्तानी सावधिक | ४६,२४४.८२ | २४.९० | ४५,९१०.०५ | २२.९३ | (०.७२) |
| रुपान्तरित सावधिक | २५,५१२.७० | १३.७३ | २५,५९२.५१ | १२.७८ | ०.३१ |
| बालबच्चा सम्बन्धि सावधिक | २८,१८९.३० | १५.१८ | ३२,९८५.९१ | १६.४८ | १७.०२ |
| वैदेशिक रोजगार म्यादि | २,४७२.४१ | १.३३ | २,८९७.०५ | १.४५ | १७.१७ |
| आजिबन | ५,२१२.४२ | २.८१ | ५,२७४.२६ | २.६३ | १.१९ |
| एकल बीमाशुल्क | ४,२६०.२२ | २.२९ | ४,२५२.२७ | २.१२ | (०.१९) |
| म्यादि | १,०४६.२४ | ०.५६ | १,३१६.०३ | ०.६६ | २५.७९ |
| लघु | १,६९५.१६ | ०.९१ | २,०९९.३५ | १.०५ | २३.८४ |
| अन्य | २,९०६.३७ | १.५६ | ३,०७५.०९ | १.५४ | ५.८१ |
| **जम्मा** | १,८५,७५० | १००.०० | २,००,२०४ | १००.०० | ७.७८ |

चालु आ.व. २०८२/८३ को श्रावण मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा सावधिक जीवन बीमालेखको ३८.३६ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा म्यादी बीमालेखको ०.६६ प्रतिशत रहेको छ। गत आ.व. को श्रावण मसान्तसम्मको तुलनामा चालु आ.व.को श्रावण मसान्तसम्ममा जीवन बीमातर्फ कुल बीमाशुल्क संकलन ७.७८ प्रतिशतले बृद्धि भएको छ।

## १३. प्रदेश अनुसार कुल जीवन बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| प्रदेश | २०८१ श्रावण मसान्तसम्ममा (१) | बीमाशुल्कको हिस्सा प्रतिशत | २०८२ श्रावण मसान्तसम्ममा (२) | बीमाशुल्क को हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | २४,९०१.२५ | १३.४१ | २७,७५६.४५ | १३.८६ | ११.४७ |
| मधेश | १६,७८५.७३ | ९.०४ | १८,१०६.१२ | ९.०४ | ७.८७ |

| | | | | | |
|---|---|---|---|---|---|
| बाग्मती | ७९,१३२.७२ | ४२.६० | ८३,९६८.२० | ४१.९४ | **६.११** |
| गण्डकी | २०,१७६.७२ | १०.८६ | २१,६१४.६४ | १०.८० | **७.१३** |
| लुम्बिनी | २८,२६५.३६ | १५.२२ | ३०,९६०.६७ | १५.४६ | **९.५४** |
| कर्णाली | ५,५२८.८२ | २.९८ | ६,२५९.७९ | ३.१३ | **१३.२२** |
| सुदुरपश्चिम | १०,९५९.०९ | ५.९० | ११,५३७.८७ | ५.७६ | **५.२८** |
| **जम्मा** | १,८५,७४९.७० | १००.०० | २,००,२०३.७४ | १००.०० | **७.७८** |

चालु आ.व. २०८२/८३ को श्रावण मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४१.९४ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा ३.१३ प्रतिशत रहेको छ।

## १४. निर्जीवन बीमामा कुल बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| निर्जीवन बीमालेख | २०८१ श्रावण मसान्तसम्ममा (१) | बीमाशुल्क को हिस्सा प्रतिशत | २०८२ श्रावण मसान्तसम्ममा (२) | बीमाशुल्क को हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| सम्पत्ति | १४,२७९.६१ | ३३.१२ | १५,११७.७६ | ३४.३८ | **५.८७** |
| सामून्द्रिक | २,९४४.३१ | ६.८३ | ३,०४०.४७ | ६.९२ | **३.२७** |
| हवाई | ५१८.५६ | १.२० | १,०३१.३९ | २.३५ | **९८.९०** |
| मोटर | १२,२३७.६२ | २८.३८ | ११,०२३.१६ | २५.०७ | (९.९२) |
| इन्जि. तथा ठे. जो. | ५,०२८.२२ | ११.६६ | ५,१०३.६७ | ११.६१ | **१.५०** |
| विविध | ५,५६४.७१ | १२.९१ | ६,१९६.१८ | १४.०९ | **११.३५** |
| कृषि तथा बाली | २,०११.९९ | ४.६७ | १,६५८.६१ | ३.७७ | (१७.५६) |
| लघु | ५३१.७० | १.२३ | ७९६.०४ | १.८१ | **४९.७२** |
| **जम्मा** | ४३,११६.७३ | १००.०० | ४३,९६७.३० | १००.०० | **१.९७** |

चालु आ.व. २०८२/८३ को श्रावण मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा सम्पत्ति बीमालेखको ३४.३८ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा लघु बीमालेखको १.८१ प्रतिशत भएको छ। गत आ.व. को श्रावण मसान्तसम्मको तुलनामा चालु आ.व.को श्रावण मसान्तसम्ममा कुल बीमाशुल्क संकलन १.९७ प्रतिशतले बृद्धि भएको छ।

## १५. प्रदेश अनुसार निर्जीवन कुल बीमाशुल्क संकलन

*रकम रु. लाखमा*

| प्रदेश | २०८१ श्रावण मसान्तसम्ममा (१) | बीमाशुल्कको हिस्सा प्रतिशत | २०८२ श्रावण मसान्तसम्ममा (२) | बीमाशुल्कको हिस्सा प्रतिशत | (१) देखि (२) परिवर्तन % |
|---|---|---|---|---|---|
| कोशी | ३,३६९.५९ | ७.८२ | ३,५८६.८१ | ८.१६ | **६.४५** |
| मधेश | ३,०३०.७१ | ७.०३ | ३,१८३.१७ | ७.२४ | **५.०३** |
| बाग्मती | २९,८४२.४० | ६९.२१ | ३०,०९९.३५ | ६८.४६ | **०.८६** |
| गण्डकी | २,३३८.५२ | ५.४२ | २,२७८.८२ | ५.१८ | **(२.५५)** |
| लुम्बिनी | ३,५०८.८३ | ८.१४ | ३,७४५.३० | ८.५२ | **६.७४** |
| कर्णाली | २८९.१५ | ०.६७ | ३३३.८३ | ०.७६ | **१५.४५** |
| सुदुरपश्चिम | ७३७.५४ | १.७१ | ७४०.०३ | १.६८ | **०.३४** |
| **जम्मा** | ४३,११६.७३ | १००.०० | ४३,९६७.३० | १००.०० | **१.९७** |

चालु आ.व. २०८२/८३ को श्रावण मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी बीमाशुल्क संकलनको हिस्सा बागमती प्रदेशको ६८.४६ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशको ०.७६ प्रतिशत रहेको छ।

## १६. उजुरी दर्ता तथा फछ्र्यौट

| विवरण | | आर्थिक वर्ष | |
|---|---|---|---|
| | | २०८१/८२ | २०८२/८३ |
| गत वर्षको निवेदन बाँकी संख्या | | २८७ | ३९४ |
| यस वर्षको निवेदन संख्या | केन्द्रीय कार्यालयमा | १४४ | १४ |
| | प्रदेश कार्यालयमा | ९१ | ०४ |
| | कुल दर्ता | २३५ | १८ |
| पुनरावेदनबाट आएका मुद्दाको संख्या | | ३ | - |
| **जम्मा निवेदन** | | **५२५** | **४१२** |
| फैसला/सहमति भएका मुद्दा संख्या | फैसला | ८५ | १६ |
| | सहमति | ४६ | ३ |
| | जम्मा फछ्र्यौट | १३१ | १९ |
| **बाँकी संख्या** | | **३९४** | **३९३** |

चालु आ.व. २०८२/८३ को श्रावण मसान्तसम्ममा केन्द्रीय कार्यालयमा १४ र प्रदेश कार्यालयमा ०४ गरी प्राधिकरणमा कुल दर्ता भएका १८ वटा उजुरी र गत वर्षको बाँकी ३९४ वटा निवेदन गरी कुल ५२५ वटा उजुरी प्राप्त भएको छ जसमध्ये १६ वटा उजुरी मुद्दा फैसलाबाट र ०३ वटा उजुरी सहमतीबाट गरी कुल १९ वटा उजुरी फछ्यौंट भएका छन् भने ३९३ वटा उजुरी फछ्यौंट हुन बाँकीनै रहेको छ।

**तयार:**

प्रकाशन उपसमिति

नेपाल बीमा प्राधिकरण